# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
## २०७३

पत्र संख्याः- ०७७/७८

गण्डकी प्रदेश, नेपाल

### करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७७/ ०७ /१३)

यस गाउँपालिकामा कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना हुने कोभिड १९ अस्थायी अस्पतालको लागि देहायका पदहरुको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद (यस कार्यालयको नाममा प्रभु वैंक लि मा रहेको खाता नं १८९००२०११००२३००००१८ मा जम्मा गर्नुपर्ने) सहित दरखास्त दिनुहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम कार्यालयको वेवसाइट www.raghugangamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| पद | संख्या | परीक्षा दस्तुर रु | उमेर |
|---|---|---|---|
| मेडिकल अधिकृत | १ | १००० | २१ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको (महिलाको हकमा २१ वर्ष पुरा भइ ४० वर्ष ननाघेको) |
| स्टाफ नर्स | २ | ७०० | १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको (महिलाको हकमा १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको) |
| कार्यालय सहयोगी | १ | ४०० | |

**शैक्षिक योग्यता र अनुभव :**

१. **मेडिकल अधिकृतः** नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट MBBS उत्तीर्ण गरेको तथा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ। विदेशी शैक्षिक संस्थाबाट उत्तीर्ण गरेकाको हकमा नेपाली इक्विभ्यालेन्ट सर्टिफिकेट र काउन्सिलको दर्ता नं अनिवार्य पेश गर्नुपर्नेछ।

२. **स्टाफ नर्सः** नेपाल सरकारवाट मान्यता प्राप्त प्राविधिक विद्यालयवाट नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता भएको हुनुपर्नेछ।

३. **कार्यालय सहयोगीः** कक्षा ८ उत्तीर्ण हुनुपर्नेछ।

४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

५. कोभिड १९ को उपचार रोकथाम, हेरचाह र स्वास्थ्य सेवामा कार्यानुभव भएकालाई प्राथमिकता दिइनेछ।

**तलब सुविधाः** गाउँपालिकाको निर्णय अनुसार।

**कार्य विवरणः** सेवा सम्बन्धी ।

**दरखास्तमा संलग्न गर्नुपर्ने कागजातः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

**छनौट प्रक्रियाः** रघुगंगा गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५अनुसार ।

थप जानकारीका लागि ९८५७६४८६१०

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र शुसासन"

वेवसाइटः raghugangamun.gov.np
इमेलः raghugangagapa@gmail.com

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
## २०७३

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले

पत्र संख्या:- ०७७/७८

गण्डकी प्रदेश, नेपाल

## करारको लागि दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : | (वि.सं.मा) | (ईस्वि संवतमा) |
| बाजेको नाम, थर : | | हालको उमेर : | वर्ष | महिना |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

| | |
|---|---|
| कार्यालयले भर्नेः | |
| रसिद/भौचर नं. : | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सो को कारण : | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।